# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रकाशन मिति: २०७७/०४/०६ गते

## न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना !!!

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्री परिषदको) तत्कालीन राहत सम्बन्धी २०७७/१/१४ को निर्णय समेतको आधारमा चालु आर्थिक वर्ष २०७७/०७८ मा यस लिसंखु पाखर गाउँपालिका अन्तर्गत संचालनमा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम १०० दिनको रोजगारमा संलग्न भई **विकास निर्माणमा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले यहि मिति २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते सम्ममा** आफू स्थाइ बसोबास गरेको वडा कार्यालयमा उपस्थित भई तपशिल बमोजिमका कागजात सहित वेरोजगार निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । बेरोजगार दर्ताका लागि दिने निवेदन सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ । निवेदन दिने व्यक्तिले तपशिल बमोजिमका कागजातहरु निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । निवेदन दिने व्यक्तिले फारममा **उल्लेखित सम्पूर्ण विवरणहरु पूर्ण रुपमा पेश नगरेमा वा तोकिएका कागजातहरु सहित समयमै पेश नगरेमा उक्त निवेदनहरु रद्ध गरिने व्योहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।**

**बेरोजगार फर्म भर्नाका लागि आवश्यक कागजातहरु :**

१) निवेदन दिने व्यक्तिको नागरिकताको प्रतिलिपी- एक प्रति
२) निवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो -२ प्रति
३) निवेदक दिने व्यक्तिको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी- एक /एक प्रति
४) निवेदन दिने व्यक्तिले कुनै सीपमुलक तालिम लिएको भए उक्त तालिमको प्रमणपत्रको प्रतिलिपी-एक प्रति
५) निवेदन दिने व्यक्ति वा परिवारमा अपांगता भएका सदस्य भएमा अपांगता परिचयपत्रको प्रतिलिपी
६) निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्योहोरा खुल्ने कागजातको प्रतिलिपी

रोजगार सेवा केन्द्र
लिसंखु पाखर गाउँपालिका